# आन्तरिक स्रोत परिचालन मार्फत शिक्षामा लगानी अभिवृद्धिका लागि

## ट्याक्सएड् एलाइन्सको धारणापत्र

### प्रारम्भ,

नेपालमा कुल जनसंख्याको झण्डै आधा हिस्सा बालबालिकाहरूको रहेको छ । निःशुल्क तथा गुणस्तरिय शिक्षा अधिकार सबै बालबालिकाको नैसर्गिक मानवअधिकार हुन् । नेपालको वर्तमान आर्थिक, सामाजिक तथा राजीनितिक परिवेशमा अधिकांश बालबालिकाहरु अधिकार वञ्चितिको उच्च जोखिममा रहनुका साथै सामान्य एवं स्वस्थ्य विकासका आधारभूत आवश्यकताहरु प्राप्ती गर्न समेत कठीन रहेको देखिन्छ । शिक्षामा सबैको पहुँचका लागि विश्वव्यापी प्रतिबद्धता एवम् समाहित शिक्षाको अवधारणाले ल्याएका नीतिगत परिवर्तनका बावजुद नेपालमा सबै बालबालिका तथा युवाहरुको गुणस्तरिय शिक्षामा पहुँच पुऱ्याई उत्पादनशील मानवस्रोत निर्माणको सवाल अझैपनि चुनौतीपूर्ण रहेको छ ।

मानवीय क्षमता विकास र अर्थतन्त्रको प्रगतिशील रूपान्तरणमा विशेष ध्यान केन्द्रित गरी उत्पादनशीलताको  मार्ग अवलम्बन गर्न सकिन्छ । यसको शुरूवात हाम्रो संस्थागत र शासन प्रणालीको सुधारबाट मात्र सम्भव छ । यो प्रक्रियाले मानव संसाधन विकासको माग गर्दछ जसको मूख्य आधारशिला नै सार्वजनिक शिक्षाको सुदृढीकरण हो । तर, समाजको प्रगतिशील रुपान्तरण, दिगो विकास र समृद्धिको मेरुदण्ड बनेको उच्च गुणस्तर सहितको शिक्षालाई नेपालमा बर्षौंदेखि न्यून प्राथमिकतामा राखेको पाइन्छ । वातावरणीय एवं द्वन्द्वलगायतका मानवीय संकटका कारण विश्व भुराजनीतिले पार्ने प्रभाव गहिरिदै गएमा नेपालमा पनि यसको सिधा असर यहाँको अर्थतन्त्र, विशेषगरी राजस्व एवम् बैदेशिक सहायतामा पर्ने छ । यसले नेपालको शिक्षा बजेटमा थप नोक्सान पुऱ्याउने सम्भावना रहन्छ र फेरिपनि सीमान्तकृत समुदाय एवम् गरिबीमा रहेका बालबालिकाहरू गुणस्तरिय शिक्षाको पहुँचबाट वञ्चित रहने स्थितिले निरन्तरता पाउने देखिन्छ ।

### राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् नेपालको दायित्व

नेपाल सरकारले बालबालिकाहरूको शिक्षासम्बन्धी हक, अधिकार, संरक्षण र सम्बर्द्धनका लागि बालअधिकार सम्बन्धी महासन्धिलगायत विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू, त्यसका ऐच्छिक प्रलेखहरू, घोषणापत्र तथा कार्ययोजना एवम् दिगो विकास लक्ष्यमा प्रतिबद्धता जनाएको छ । नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहूँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने लगायतका शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ । यद्यपि नेपाल पक्षराष्ट्र रहेका महासन्धि एवम् अन्तराष्ट्रिय प्रतिबद्धताहरूको व्यवहारिक कार्यान्वयनको लागि विभिन्न राष्ट्रिय तथा क्षेत्रीय एवम् स्थानीय स्तरका कार्यक्रमहरू, ऐननियमहरू निर्माण भएपनि व्यवहारिक कार्यान्वयनका लागि विभिन्न चुनौतीहरू देखापरेका छन् ।

नेपाल सरकारले शिक्षालाई संविधान, आवधिक विकास योजना, वार्षिक नीति तथा कार्यक्रम, राष्ट्रिय शिक्षा नीति, विद्यालय शिक्षा क्षेत्र योजनामार्फत राष्ट्रिय विकासको आधारको रूपमा लिंदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धतासहित निःशुल्क शिक्षा, सबैका लागि शिक्षा, शिक्षाका लागि भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापनमा सुधार, शैक्षिक जनशक्ति विकास, पाठ्यक्रममा सुधार, शिक्षामा समावेशिता, विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षा जस्ता कार्यक्रमहरूमार्फत शिक्षा क्षेत्रको विकासका लागि विभिन्न नीतिगत, संरचनागत, संस्थागत र व्यवहारिक प्रयासहरू अघि बढाए तापनि पर्याप्त लगानीको अभावमा अधिकांश बालबालिकाहरू गुणस्तरिय शिक्षाबाट वञ्चित हुनुपरेको स्थिति छ ।

नेपालको शिक्षा प्रणालीले हासिल गरेका यी उपलब्धीको बाबजुद थप नयाँ चुनौती र समस्या हाम्रा सामु विद्यमान छन् । नेपालको शिक्षामा मुलतः प्रारम्भिक बालविकास कार्यक्रममा प्रभावकारिता कम हुनु, बालविकासका शिक्षकहरूको क्षमता र सुविधा न्यून हुनु, आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरू अझै विद्यालय भर्ना भै नसक्नु, विद्यालय भर्ना भएका मध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु, माध्यमिक शिक्षा पूर्ण रूपमा

निःशुल्क हुन नसक्नु, विपन्न समूदायका बालबालिकाहरू विद्यालय बाहिरै रहिरहनु, शैक्षिक सुशासन कायम हुन नसक्नु, शिक्षामा पर्याप्त लगानी नहुनु, शिक्षाको गुणस्तर अपेक्षित रूपमा न्यून हुनु, शिक्षकको पेसागत सक्षमता र उत्प्रेरणामा कमी हुनु, जस्ता समस्याहरू राष्ट्रिय शिक्षा नीति २०७६ ले व्यक्त गरेको नेपालको शिक्षा प्रणालीले भोगिरहेका प्रमुख सवाल हुन् ।

उक्त पुष्ठभूमिमा हामी, करन्याय र शिक्षा अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरूको साझा सञ्जाल **ट्याक्सएड एलाइन्स,** नेपालको संविधान (२०७२) ले सुनिचिश्त गरेको शिक्षासम्बन्धी मौलिक हक र दिगो विकास लक्ष्यले सुनिश्चित गरेको शिक्षासम्बन्धी व्यवस्थाहरू, बालबालिकासम्बन्धी ऐन, २०७५, अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ र शिक्षाक्षेत्रमा लगानीका लागि नेपाल सरकारको अन्तर्राष्ट्रियस्तरमा व्यक्त प्रतिवद्धताहरूको पूर्ण कार्यान्वयनको लागि स्थानीय, प्रदेश र संघीय सरकार लगायत सम्बन्धित सरोकारवालाहरूको गम्भीर ध्यानार्कषण गर्दछौं र आन्तरिक स्रोत परिचालन मार्फत शिक्षा क्षेत्रमा लगानी अभिवृद्धिका सम्बन्धमा तपसिल बमोजिम आफ्नो धारणा प्रस्तुत गर्दछौं ।

## शिक्षा क्षेत्रमा लगानी र बजेट प्रणाली पुनःसंरचनाको सवाल

कूल चालु खर्च मध्ये सन् २०११/१२ मा बजेटमा शिक्षाको हिस्सा २५.४ प्रतिशत थियो । यो सन् २०१७/१८ मा ६.४ प्रतिशतले घट्यो । पुँजीगत खर्चमा शिक्षाको हिस्सा हेर्दा थप निराशाजनक विनियोजन ढाँचा देखिन्छ । यसको हिस्सा सोही अवधिमा ०.३ प्रतिशतबाट घटेर ०.१ प्रतिशतमा झरेको छ । विश्व बैंकको एक अध्ययनअनुसार, शिक्षा क्षेत्रमा विभिन्न तहमा रहेका सरकारहरूबीच जिम्मेवारी हस्तान्तरणमार्फत सन् २०२३/२४ मा कूल चालु खर्च मध्ये बजेटमा शिक्षाको हिस्सा ४.५२ प्रतिशत (संघीय सरकार) साथै पुँजीगत खर्चमा शिक्षाको हिस्सा १.७० प्रतिशत ( संघीय सरकार) रहेकामा २०२३/२४ मा कूल ग्राहस्थ उत्पादनको ३ .५१ प्रतिशत भएतापनि शिक्षाक्षेत्रमा आफैले स्रोत विनियोजन गरी स्थानीय सरकारहरूले उक्त कमीलाई पुरा गर्न नसकेको देखिन्छ ।

आधिकारिक विकास सहायता (ODA) लाई विकासशील देशहरूको आर्थिक विकास र कल्याणलाई प्रवर्द्धन गर्ने र विशेष रूपमा लक्षित गर्ने सरकारी सहायताको रूपमा परिभाषित गरिएको छ । तर, कोभिड-१९ जस्ता उच्च महामारीको प्रभावको समयमा पनि ओडीए अन्तर्गत नेपालमा शिक्षाक्षेत्रले प्राथमिकता पाएन । नेपाल सरकार, अर्थमन्त्रालयको विकास सहयोग अध्ययन २०२१ ले सन् २०२३/२४ मा कुल ओडीएमध्ये क्रमशः ऊर्जा क्षेत्रमा ८.४९ प्रतिशत, यातायातमा ० प्रतिशत र स्वास्थ्य क्षेत्रमा ९.६११ प्रतिशतको तुलनामा शिक्षा क्षेत्रमा ६१.६४ प्रतिशत मात्र विनियोजन रहेको देखाएको छ ।

चालु आर्थिक वर्ष सन् २०२३/२४ को बजेटको विश्लेषण गर्दा कूल १७५१.३१२१ अर्ब बजेटमध्ये शिक्षा क्षेत्रमा विनियोजन गरिएको कूल बजेट ११.२७ प्रतिशत रहेको देखिन्छ । कूल विनियोजन भएको १७५१.३१२१ अर्बमा संघीय सरकार, प्रदेश र स्थानीय सरकारले क्रमशः २८.८०, २.३६, ३८.८३ प्रतिशत विनियोजन गरेको छ । तर प्रदेश र स्थानीय सरकारले गर्ने विनियोजन पनि संघीय सरकारबाट हुने आर्थिक हस्तान्तरणमा आधारित हुन्छ ।

थप चिन्ताको विषय भनेको - राष्ट्रिय योजना आयोगको मध्यकालीन खर्चसम्बन्धी ढाँचा (Medium Term Expenditure Framework - MTEF) मा सन् २०२३/२४ र २०२४/२५ का लागि शिक्षा बजेटमा तीव्र गिरावट देखिनु रहेको छ । यही प्रतिवेदनमा वैदेशिक सहायतामा पनि तीव्र गिरावट आउने प्रक्षेपण गरिएको छ । यसको सीधा अर्थ भनेको शिक्षाको लागि संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य हाम्रो पहुँच भन्दा टाढा र हासिल गर्न कठीन हुनेछ जसमा आवश्यक शिक्षा बजेट भन्दा १३२.७६ विलिएनको अन्तर देखिन्छ यस तथ्यले नेपालमा आन्तरिक स्रोतको बाँडफाँड र उपयोगका क्षेत्रमा सुधारगर्दै हाम्रो समग्र बजेट प्रणालीलाई पुनःसंरचना गर्नुपर्ने आवश्यकतालाई थप उजागर गरेको छ ।

## शिक्षाक्षेत्रमा लगानी अभिवृद्धिका लागि स्रोतको सवाल

सबैका लागि शिक्षा अधिकार प्रत्याभूत गर्न पैसा चाहिन्छ । अर्थात, सबैभन्दा सीमान्तकृत समुदाय लगायत सबैका लागि गुणस्तरीय शिक्षा उपलब्ध छ भनी सुनिश्चित गर्न आवश्यक पर्ने सम्पूर्ण क्रियाकलापहरूमा पर्याप्त तथा लक्षित लगानी आवश्यक छ । शिक्षाक्षेत्र मात्र नभई हामी सबै सार्वजनिक सेवाहरूको लागि आर्थिक व्यवस्था सुदृढ चाहन्छौं । तर हामी सानो बजेटको लागि प्रतिस्पर्धा गरिरहेका छौं । आर्थिक संकलन कसरी हुन्छ ? के देशको बजेटको आकार ठूलो हुन सक्छ ? यस्ता प्रश्नतर्फ हाम्रो कमै ध्यान गइरहेको पाइन्छ ।

विशेषगरी नेपालजस्ता न्यून आय भएका देशहरूमा, सार्वजनिक खर्चको बढ्दो आवश्यकताको तुलनामा सरकारी राजस्व कम हुन्छ । यो आवश्यकतालाई सार्वजनिक उधारो (आन्तरिक ऋण तथा बाह्य ऋण), बहुपक्षीय विकास सहायता, वा दुवैमार्फत पूरा गरिनुपर्ने हुन्छ । स्वदेशी स्रोतबाट अत्याधिक सार्वजनिक ऋण लिँदा निजी क्षेत्रले ऋण लिने र लगानी ल्याउन त सक्छ, तर यसले आर्थिक वृद्धिमा प्रतिकूल प्रभाव पार्न सक्छ । अर्कोतिर, वैदेशिक ऋणले स्वाभाविक रूपमा भविष्यको ऋणमा ब्याज दर बढाउँछ (World Bank Group 2017) र अहिलेको जस्तो (वा अझ धेरै) उच्च ऋणको भारी भावीपुस्ताले पनि बोक्नुपर्ने हुन्छ । त्यसकारण आन्तरिक स्रोत (जसअन्तर्गत राजश्व तथा गैरकरसमेत समावेश हुन्छन्) लाई नै विश्वभर सबैभन्दा बढी भरपर्दो र दीगो स्रोतको रूपमा लिइएको पाइन्छ ।

**Nepal Source of Budget 2023/24 ( NRs in billion)**

| **Sources** | **Amount** | **%** |
|---|---|---|
| **Internal Revenue** | 1248.62…billion | **71.296 %** |
| **Internal Loan** | 240.00…billion | **13.70 %** |
| **Foreign Grant** | 49.94…billion | **2.84 %** |
| **Foreign Loan** | 212.75…billion | **12.14 %** |
| **Total** | **1751.31** | |

**Source: Red Book 2023/24**

दिगो विकास लक्ष्य ४ हासिल गर्ने सन्दर्भमा लामो समय थप लागतहरू जुटाउन नेपाललाई नयाँ सार्वजनिक कोषको आवश्यकता छ । बजेटमा बढ्दो वित्तीय दवावको समयमा यसरी लगानी जुटाउनु चुनौतिपूर्ण छ । वैदेशिक ऋण लिने प्रवृत्तिले स्वदेशमा संकलन गरिने राजस्वलाई थप क्षति पुग्न गएको अवस्थामा सार्वजनिक शिक्षा सुदृढीकरणका लागि नयाँ सार्वजनिक कोषको महत्व झनै बढ्दै गएको छ । प्रगतिशील करमार्फत आफ्नो सार्वजनिक खर्च क्षमतामा आएको ह्रासलाई तुरुन्तै उल्टाउन नेपालले नयाँ तरिकाहरू खोज्नु जरुरी छ । सन् २०१९ मा कूल ग्राहस्थ उत्पादनको अनुपातमा (१९.४ प्रतिशत) नेपालको कर निम्न-मध्यम आय भएका देशहरूको औसत (१५.७ प्रतिशत) भन्दा माथि छ । पछिल्लो दशकमा यो निरन्तर बढिरहेको छ भने, सन् २०२० मा २१.९ प्रतिशत पुगेको थियो ।

## आन्तरिक स्रोतको परिचालन किन ?

करहरू र केही गैर-कर राजस्व उपकरणहरू जस्तै रोयल्टी र निकासी उद्योगहरूबाट आउने भाडा र केही सीमित हदसम्म स्थानीय सरकारहरूले प्रदान गर्ने सार्वजनिक सेवाहरूमा लाग्ने शुल्क/दस्तुरहरू नै सरकारी राजस्वको एक मात्र भरपर्दो र दिगो स्रोतहरू हुन् (World Bank Group 2017)। आन्तरिक स्रोत परिचालनलाई सुदृढ पार्ने कार्यक्रमहरूको महत्वलाई यसरी हेर्न सकिन्छ : -

- दाताहरूको कोषमा निर्भरता घटाउन
- विकासोन्मुख देशहरूमा विकासको क्षेत्रमा लगानी गर्न र अत्यावश्यक सार्वजनिक वस्तु तथा सेवाहरू वितरण गर्नका लागि सरकारलाई भरपर्दो, स्थिर रूपमा विस्तार हुने घरेलु राजस्वको स्रोत उपलब्ध गराउन (USAID 2018)।
- सुशासन निर्माण गर्न र सार्वजनिक वित्त व्यवस्थापनमा जवाफदेहिता बढाउने आधार तयार गर्न

शिक्षाका लागि विश्वव्यापी अभियान (GCE 2013) का अनुसार विश्वभर बढ्दै गएको आर्थिक मन्दीको अवस्थामा, कम र मध्यम आय भएका देशहरूमा सरकारलाई अत्याधिक चुनौति थपिएको छ । जसलाई घरेलु स्रोतहरूको अधिक र राम्रो प्रयोग बिना सम्बोधन गर्न सकिँदैन । यही परिवेशमा दीगो विकास लक्ष्यलाई हासिल गर्न कस्तो आर्थिक उपाय अवलम्बन गर्ने भन्ने विषयमा सन् २०१५ मा ईथियोपियाको राजधानी अडिस अबाबामा विश्वभरका

नेतृत्वहरूको सम्मेलन गरिएको थियो जसले दीगो विकास लक्ष्यहरू हासिल गर्ने सन्दर्भमा आन्तरिक स्रोत परिचालनलाई सबैभन्दा व्यवहारिक संयन्त्रको रुपमा पहिचान गरेको थियो । आन्तरिक राजस्व विकासका लागि सबैभन्दा ठूलो र सबैभन्दा स्थिर आर्थिक स्रोत हो भन्ने विषयलाई सन् २०१५ मा अडिस अबाबामा सम्पन्न विकासका लागि वित्तसम्बन्धी तेस्रो सम्मेलनमा मूख्य सवालका रुपमा स्थापित गरिएको थियो ।

## राजस्व कार्यसम्पादन सुधारमा चुनौति

नेपालले कमजोर प्रशासनिक र कार्यान्वयन क्षमता लगायतका चुनौतिहरूको सामना गर्नुपरेको अवस्था विद्यमान छ । कम आम्दानीका कारण स्वाभाविक रूपमा संकीर्ण कर आधार, अनौपचारिक क्षेत्रका गतिविधिहरूको व्यापकता, कर अनुपालनमा उदासिनताको संस्कृति, र भ्रष्ट अभ्यास तथा राजनीतिक आग्रहस्वरुप दिइने करसम्बन्धी सुविधा आदि नेपालको सन्दर्भमा देखिएका गहिरो समस्याहरू हुन् । फलस्वरुप शिक्षालगायतका अन्य अत्यावश्यकीय सार्वजनिक सेवाहरुको गुणस्तर वृद्धि र पहुँचमा अति विपन्न एवं सीमान्तकृत समुदायको सहभागितालाई सुनिश्चित गर्न कठिनाई भएको यथार्थ हामीमाझ छर्लङ्ग छ ।

नेपाल सरकारले "औद्योगिक विकासलाई प्रवर्द्धन गर्न" र "कर प्रणालीलाई थप वृद्धि मैत्री बनाउन" नियमित रूपमा तदर्थ छुटहरू, रिबेट तथा ट्याक्स होलिडे लगायत छुटहरू प्रदान गर्दै आएको छ (नेपाल सरकार २००९, शर्मा २०१५) । यसबाट ठूलो मात्रामा सरकारले राजस्व गुमाएको अवस्था छ । यस्ता छुटहरूबाट उत्पादन गर्ने विशेष उद्योगहरू, सूचना प्रविधिसम्बन्धी उद्योग, बैदेशिक लगानीका उद्योग, उर्जा परियोजनाहरू तथा रोजगारीका लागि वा पूँजी लगानी वा प्रविधि हस्तान्तरण जस्ता शर्तसहितका पर्यटनसँग सम्बन्धित उद्योगहरू सबैभन्दा बढी लाभान्वित भएको पाइन्छ । यसका साथै नेपालमा केही वर्षहरूमा आंशिक कर माफी पनि भएको छ । आन्तरिक राजस्व विभाग (आईआरडी) द्वारा अनुमानित तथ्याङ्कले देखाए अनुसार कर प्रोत्साहनबाट राजस्व घाटा जिडिपीको ६ प्रतिशत जति ठूलो हुन सक्छ (शर्मा २०१५) । यी प्रोत्साहनहरूले पनि लगानी निर्णयहरूलाई प्रभावित पार्दछ भने कर प्रशासनलाई थप जटिल बनाउदछ । प्रगतिशीलरुपमा नयाँ कोष जुटाउने एउटा तरिकामध्ये व्यापारिक कम्पनीहरूलाई दिइने आर्थिक प्रोत्साहनहरू न्यूनीकरण गर्नु हो । लगानीकर्ताहरूलाई दिइएको कर प्रोत्साहनहरू कूल ग्राहस्थ उत्पादनको ५% भन्दा बढी हुनसक्ने अनुमान सन् २०१६ मा नेपालको कर प्रशासनद्वारा गरिएको थियो (अर्थात कर प्रोत्साहनका कारण अनुमानित बार्षिक राजस्व हराउनु वा कटौति हुनु) । यदि यो हराएको राजस्व मध्येको २० प्रतिशत मात्र ( करीब ३३६.६ मिलियन अमेरिकी डलर) शिक्षा क्षेत्रमा (अन्तर्राष्ट्रिय सुझाव अनुसार) विनियोजन गरेको भए सन् २०२० मा कूल ग्राहस्थ उत्पादनको ५ प्रतिशतले तलका अवस्थालाई यसरी बदल्न सक्थ्यो (जस्तै एक्सनएडको अध्ययन) ।

**आन्तरिक स्रोत परिचालन मार्फत शिक्षामा लगानी अभिवृद्धिका लागि ट्याक्सएड् एलाइन्सको आव्हान**

**गुणस्तरीय तथा समावेशि सार्वजनिक शिक्षा एवम् दिगो विकास लक्ष्य ४ हासिल गर्न आवश्यक पर्याप्त वित्तिय व्यवस्थाका लागी नेपाल सरकारलाई निम्न उपायहरुको अवलम्बन गर्न ट्याक्सएड् एलाइन्स आव्हान गर्दछ :**

१. कूल राष्ट्रिय बजेटको २० प्रतिशत र/वा कूल ग्राहस्थ उत्पादनको ६ प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गरिनुपर्ने युनेस्कोको मापदण्ड पुरा गर्न (वा सोभन्दा बढी)।

२. सार्वजनिक शिक्षामा लगानीका लागि उपलब्ध स्रोतलाई बढाउँदै समग्र बजेटको आकारमा देहाय बमोजिम वृद्धि गरिनुपर्ने :
   - सार्वजनिक खर्चका लागि उपलब्ध रकमलाइ सिमित गर्ने वृहत आर्थिक नीतिहरूको प्रभावलाई कम गर्ने ( जस्तै :- ऋण र सापटी घटाएर, ऋणमा कटौती खोज्दै र सार्वजनिक खर्च कटौतिका नीतिहरूलाई सिमित गरेर) । उधारो तथा ऋणसम्बन्धी बुझाईलाई अझ मजबुत बनाउँदै यसको सही सदुपयोग तथा उपयुक्ततालाई सुनिश्चित गर्नका निमित्त पारदर्शिता एवम् विश्लेषणमा सुधार ल्याउनुपर्ने ।
   - कूल ग्राहस्थ उत्पादनको अनुपातमा करको हिस्सा हाल १९.४ प्रतिशत रहेकोमा यसलाई बढाएर कम्तीमा २० प्रतिशत तथा सम्भव भएसम्म २५ प्रतिशत भन्दा बढी पुऱ्याउने समयतालिका सहितको लक्ष्य राख्नुपर्ने ।

३. फराकिलो करको दायरा

- कूल ग्राहस्थ उत्पादनको अनुपातमा नेपालले आफ्नो राजस्ववलाई विद्यमान तहबाट पाँच प्रतिशत बिन्दुले बढाउनमा केन्द्रित हुनुपर्दछ। विभिन्न अन्तर्राष्ट्रिय अध्ययन अनुसार धेरै देशहरूको लागि उनीहरूको कर-जि.डि.पी अनुपात मध्यम अवधिमा (३-५ वर्ष) पाँच प्रतिशत अङ्कले बढाउने विषय महत्वकांक्षी भएता पनि व्यवहारिक रहेको देखाउँदछ। सन् २०१९ मा एक्सनएड्ले अनुमान गरेबमोजिम यदि नेपालले यसो गर्‍यो भने सन् २०२३ सम्ममा वार्षिक ४.४ अरब अमेरिकी डलर बराबर नयाँ राजस्व वृद्धि गर्न सक्दछ। अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप यदि सरकारले नयाँ राजस्वको २०% शिक्षा क्षेत्रमा विनियोजन गरे यसबाट शिक्षाको बजेट ८९८.६ मिलियन अमेरिकी डलरले वृद्धि हुनेछ। यद्यपि, विशेष गरी नेपाल पहिले देखिनै अप्रत्यक्ष करहरूमा धेरै निर्भर हुने प्रवृति, विशेषगरी प्रतिगामी मूल्य अभिवृद्धि करप्रणाली लागू गर्नाले समग्र करप्रणालीलाई नै प्रगतिशील हुनबाट रोकेको पाइन्छ। यसर्थ सबैमा पर्ने अतिरिक्त करको बोझलाई ध्यान दिँदै राजश्वको अनुपातमा वृद्धि गर्ने विषयलाई प्रगतिशील तवरबाट लैजानु जरुरी छ। करको प्रगतिशीलतालाई अधिकतम योगदान र सामाजिक समतामा प्रभावकारिताका कारण आन्तरिक स्रोत परिचालनको लागि वाञ्छनीय दृष्टिकोणको रूपमा स्वीकार गरिएको छ। यसर्थ प्रगतिशील करमार्फत व्यक्तिगत आयकरको दायरा फराकिलो बनाउनु पर्दछ।
- सम्पत्ति करहरू, अन्तरपुस्ताका करहरू केही प्रगतिशील करका उपायहरू हुन। ओ.ई.सि.डी. देशहरूमा, सम्पत्ति करले औसतमा जिडिपीको लगभग २ प्रतिशत योगदान गर्दछ, जबकि नेपालजस्ता एशियाली मुलुकमा यस्ता करको सीमित भूमिका रहेको छ। यसर्थ सम्पतिमाथिको करलाई पुनःसंरचना गरिनुपर्दछ।
- प्रगतिशील प्रकृतिको कारणले सामाजिक समानतामा योगदान पुर्‍याउनको लागि सम्पत्ति करलाई उत्तम करको रूपमा मानिन्छ। भूमि र भवनहरूको उच्च दृश्यता र स्थिरतालाई बेवास्ता गर्न गाह्रो पर्ने भएकोले यसलाई कार्यान्वयन गर्न पनि तुलनात्मक रुपमा सहज हुन्छ।
- दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान) को विश्वव्यापी उत्सर्जनको हिस्सा सन् २००० र २०१८ बीचमा ३ प्रतिशत बाट ४.४ प्रतिशतमा पुगेको छ र ऊर्जा सम्बन्धी कार्बन उत्सर्जन २०१४ र २०२५ को बीचमा ६१ प्रतिशत सम्म बढ्ने अपेक्षा गरिएको छ। महत्वपूर्ण वातावरणीय चुनौति तथा दिगो विकासका लागि देखिएको वित्तीय घाटाका बावजुद, वातावरणीय कर व्यवस्थाहरू सीमित छन। बाह्य वस्तुहरूको प्रभावकारी मूल्य निर्धारणले सरकारलाई हरित रुपान्तरणको प्रवर्द्धन गर्दै, करको आधार श्रमबाट स्रोतहरूमा सार्दै राजस्व बढाउने महत्वपूर्ण अवसर प्रस्तुत गर्दछ।
- डिजिटल अर्थतन्त्रको आकारको अनुमान विश्व जीडीपीको ४.५ प्रतिशत देखि १५.५५ सम्म छ। डिजिटल क्षेत्र आर्थिक वृद्धिको प्रमुख इन्जिनको रूपमा देखा पर्दै गएको अवस्थामा, राजस्व सङ्कलन र यस क्षेत्रको वृद्धिलाई समर्थन गर्ने कर मोडेलहरू पहिचान गर्नु महत्वपूर्ण हुनजान्छ। हालको नियमहरू अन्तर्गत, डिजिटल सेवा/वस्तु कहाँ उपभोग गरिन्छ भन्नुको सट्टा उत्पादन कहाँ हुन्छ भन्ने आधारमा कर लगाइन्छ, जसले डिजिटल सेवाहरूलाई करको दायरामा ल्याउन चुनौति थपिएको छ। यस्ता नियमहरूलाई तत्काल पुनरावलोकन गरिनु जरुरी छ।

४. राष्ट्रिय बजेटको संवेदनाशीलता बढाउन निमित्त कार्यहरु गर्ने :

- असमानता हटाउन तथा भेदभावको सामना गर्ने कार्यमा हुने सार्वजनिक खर्चमा “समतामा” ध्यान केन्द्रित गर्ने (उदाहरणका लागि :- सार्वजनिक शिक्षाको पहुँच र गुणस्तरको दायरा फराकिलो बनाउने, अपाङ्गता भएको बालबालिकाका लागि अतिरिक्त सुविधा/भत्ता प्रदान गर्ने, गरीब तथा ग्रामीण क्षेत्रमा कार्यरत शिक्षकहरूका लागि गरिने प्रोत्साहनमा लगानी बढाउने।
- वञ्चितिकरण तथा असमानतालाई सम्बोधन गर्न आवश्यक देशव्यापी रुपमा समतामूलक लगानीको सुनिश्चितताका लागि एकीकृत समता सूचकांकको विकास र सुदृढीकरण गर्ने
५.राष्ट्रिय शिक्षा बजेटको विश्लेषण तथा छानविन निम्न तरिकाले सुदृढ बनाउनुपर्ने
पारदर्शिता र उत्तरदायित्व प्रवद्धन गर्न तथा समयमै बजेट निकासा मार्फत बजेटको प्रभावकारितामा सुधार ल्याउनका निमित्त शिक्षा क्षेत्रको बजेट बिश्लेषण तथा छानबिन कार्यलाई सकृयरुपमा प्रोत्साहन गर्ने।

६. कर अनुपालनमा वृद्धि

- अनौपचारिक क्षेत्रमा देखिएको खुलापनले कर राजस्वको क्षेत्रलाई सीमित गर्दछ भने दर्ता नगरि करका दायरामा नपरेका व्यक्तिहरूले सामाजिक सुरक्षाका अवसरहरूबाट पर्याप्त लाभ लिन नसक्ने स्थिति हुनसक्छन्। यसर्थ अनौपचारिक अर्थतन्त्रलाई संकुचित बनाउँदै लैजानुपर्ने वर्तमान आवश्यकता देखिन्छ।

अनौपचारिक क्षेत्रमा कर लगाउने कार्य औपचारिक अर्थतन्त्रमा कम्पनीहरूको वृद्धिदरलाई तीव्रता दिन, कर मनोबल दिगो बनाउन, सुशासनमा सुधार गर्न र करको आधार विस्तार गर्ने विषयसँग जोडिएको छ ।

- व्यवसायहरू दर्ता नगरी सञ्चालन गर्नु, बिक्रीसम्बन्धी न्यून मूल्याङ्कन देखाउनु, घटाइएको दर लागू गर्नको लागि आपूर्तिको गलत वर्गीकरण गर्नु, लेनदेनमा भ्याटको हिसाब नराख्नु, र अन्य देशबाट सामान तस्करी गर्नु जस्ता गतिविधिहरू भ्याट छलीसम्बन्धी विषयमा समावेश छन । कर सुधारका लागि भ्याटसम्बन्धी नियमहरू पनि महत्वपूर्ण तत्व हो । जसले कर छुटहरू र कर छुटहरूबाट कर क्रेडिट र कटौतीहरूमा परिवर्तन गर्न खोज्छ, जुन अनुपालन र कर आधार विस्तार गर्ने दुवै दृष्टिकोणबाट लागू गरिनु जरुरी छ ।

४. कर प्रशासनमा सुधार

- विश्वव्यापी रूपमा, कर रिटर्नको अनलाइन फाइलिङका लागि बढ्दो विकल्पहरूका साथ ई-प्रशासन तिर महत्वपूर्ण परिवर्तन भएको छ । यसर्थ अनलाइनमार्फत आवेदन दिने प्रक्रियालाई नेपालमा पनि सरलीकृत गरिनु आवश्यक छ ।
- विश्व जगत आज डिजिटल युगमा प्रवेश गरिसकेको अवस्थामा नेपालमा पनि भुक्तानीका प्रक्रियाहरूलाई सहज बनाइनु पर्दछ । भुक्तानीकर्ताहरूका लागि सुविधा बढाउन र ढिलो वा भुक्तानीनै नगर्ने जोखिम कम गर्न यस्ता विभिन्न प्रकारका डिजिटल भुक्तानीहरू (जस्तै, इन्टरनेट बैंकिङ, मोबाइल भुक्तानी, प्रत्यक्ष डेबिट आदि)को प्रयोगलाई व्यवहारिक र सजिलो बनाउन आवश्यक नीतिगत एवं पूर्वाधार निर्माणमा जोड दिनुपर्दछ ।
- कर प्रशासनहरू पहुँचयोग्य, पारदर्शी र आर्थिक सुशासनमा संलग्न छन् भनी सुनिश्चित गरिनु पर्दछ । यसबाट कर अनुपालनको लक्ष्य हासिल गर्न अल्पकालीन अवसरहरू सिर्जना गर्दै कर संस्कृति सुधार गर्न दीर्घकालीन अवसरहरू प्रस्तुत गर्दछ । यसका साथै करदाताहरूसँगको संवादलाई सुदृढ गरिनुपर्दछ । जसले उनीहरूलाई आफ्नो दायित्वहरू राम्रोसँग बुझ्न र समाजमा करको भूमिकाको बारेमा चेतना जगाउन मद्दत गर्न सक्छ ।

५. कर भारको समुचित वितरण

- नेपालको कर प्रणालीमा समग्र समुदायको विश्वासलाई बलियो बनाउन महत्त्वपूर्ण छ । यसका लागि कर भारको समुचित वितरणमा ध्यान पुर्‍यानु जरुरी देखिन्छ ।
- सबैभन्दा धनी करदाताहरू, विशेष गरी बहुराष्ट्रिय उद्यमहरू र धेरै सम्पत्ति र उच्च आय भएका व्यक्तिहरूमाथि प्रभावकारी पर्यवेक्षण गरिनुपर्दछ । यी करदाताहरूको प्रभावकारी पर्यवेक्षण घरेलु कानुनी ढाँचा र राजस्व निकायको क्षमता सहित धेरै कारकहरूमा निर्भर गर्दछ ।

६. स्थानीय सरकारहरूद्वारा स्रोत परिचालनको विविधीकरण (Wangwe & Charle 2004)

नेपालमा स्थानीय सरकारहरू कर राजस्वमा धेरै निर्भर छन, जुन स्थानीय कर योग्य आधार र आय स्तरहरूमा निर्भर गर्दछ । स्थानीय सरकारहरूले राजस्वका अन्य सम्भावित गैरकर स्रोतहरू खोज्ने समय आएको छ । जस्तै बजारमा आधारित ऋण पनि एउटा विकल्प हुनसक्छ, जसले दीर्घकालीन रूपमा ठूलो सम्भावना बोकेको छ । स्थानीय तहहरूले मुख्य रूपमा घरायसी बचतलाई आकर्षित गर्ने र कर्पोरेट क्षेत्रका साथै वित्तीय संस्थाहरूले पनि लगानी गर्न सक्ने बजारयोग्य उपकरणहरू जारी गर्न सक्षम हुनुपर्छ । तर, त्यस्ता उपकरणहरूको लागि विस्तृत मोडालिटीहरू स्थानीय परिवेशको आधारमा सहभागीमूलक तरिकाबाट निर्क्योल गरिनु पर्दछ ।

**TaxEd Alliance को परिचय :**

नेपालमा कर न्याय (Tax justice) र सार्वजनिक शिक्षा रुपान्तरणको सवालमा क्रियाशील संस्थाहरु तथा अभियन्ताहरुको एकीकृत सञ्जालको रुपमा सार्वजनिक शिक्षा रुपान्तरण गर्न तथा सार्वजनिक शिक्षा प्रणाली सुधार गरी दिगो विकास लक्ष्य ४ हाँसिल गर्न आन्तरिक स्रोत परिचालन वृद्धि अपरिहार्य भएको सवाललाई TaxEd Alliance Nepal (ट्याक्सएड एलाइन्स) ले विभिन्न तवरले प्रमाणमा आधारित वकालत र पैरवी गर्दै आएको छ । प्रगतिशिल तथा न्यायोचित कर प्रणालिद्वारा मात्र सार्वजनिक शिक्षाको लागि दिगो र पर्याप्त लगानी वृद्धि गर्न सकिन्छ भन्ने विषयमा आधारित भई वकालत तथा पैरवी गर्दै आएको छ ।

**आबद्ध संस्थाहरु**

**ट्याक्सएड एलाइन्स नेपाल** (TaxEd Alliance Nepal) **मा** ActionAid International Nepal (AAIN), Tax and Fiscal Justice Alliance (TAFJA) Nepal; National Campaign for Education (NCE) Nepal, नेपाल राष्ट्रिय शिक्षक संगठन (NNTA), नेपाल शिक्षक सङ्घ (NTA) र संस्थागत विद्यालय शिक्षक युनियन  नेपाल (ISTU) जस्ता सार्वजनिक शिक्षा रुपान्तरण  तथा कर न्यायको सवालमा काम गर्ने संस्थाहरु आबद्ध रहेका छन् ।

Resources


- ADB (2022) Strengthening Domestic Resource Mobilization in Southeast Asia
- Asma Zubairi and Pauline Rose ( ) *Raising domestic resources for equitable education*, Background Paper: The Learning Generation, Research for Equitable Access and Learning (REAL), Centre University of Cambridge
- Global Campaign for Education (2013) A Taxing Business: Financing Education for All through Domestic Resources.
- International Bank for Reconstruction and Development / The World Bank (2017) *Strengthening Domestic Resource Mobilization: Moving from Theory to Practice in Low- and Middle-Income Countries*, http://dx.doi.org/10.1596/978-1-4648-1073-2
- USAID (2018) *Domestic Resource Mobilization Case Study: Nepal*, Leadership in Public Financial Management II
- Wangwe, S. and Charle, P. (2004) *Innovative Approaches to Domestic Resource Mobilization in Selected LDCs*, Department of Economic & Social Affairs, CDP Background Paper No. 6ST/ESA/2004/CDP/6